


# इस्राएलको एकीकरणमा दिदीबहिनीहरूको सहभागिता

**इस्राएलको एकीकरणमा दिदीबहिनीहरूको सहभागिता**

*चर्चका महिला तपाईंहरूलाई मैले छरिएका इस्राएलीहरूलाई एकतृत गर्न सहयोग गरेर भविष्यलाई आकारमा ल्याउन अगमवक्ताको अपील गर्दैछु।*



मेरा प्रिय र अमुल्य दिदीबहिनीहरू, तपाईंहरूसँग हुन पाउनु आश्चर्यजनक छ।सम्भवतया हालसालैको एक अनुभवले तपाईंलाई मैले तपाईंहरू आशीषित हुनुभएको तपाईंहरूको उच्चतम खुबीका बारेमा एक झलक दिनेछ।

एक दिन दक्षिण अमेरिकामा एक सभामा म बोलिरहँदा म मेरो विषयकाबारेमा अति नै उत्सुक थिएँ र महत्वपूर्ण क्षणमा मैले १० केटाकेटीकी आमाका रुपमा म तपाईंहरूलाई भन्न सक्छु ... भनेर भनेछु। अनि म आफ्नो सन्देश पूरा गर्न तिर लागेँ।

आमा भन्ने शब्द प्रयोग गरेँ भनेर मैले महसुस नै गरिन।मैले गलत बोलेको आकलन गर्दै मेरा अनुवादकले आमा भन्ने शब्दलाई पिता भन्ने शब्दमा अनुवादन गरिदिनुभयो ताकि साभाका सहभागीहरूले मैले आफुस्वयंलाई आमाका रुपमा उल्लेख गरेँ भनेर पत्तो नै पाउनुभएन।तर मेरी श्रीमती विन्डीले यो सुन्नुभयो र उहाँ मेरो अचेतन मनको भावना प्रकट गर्नमा प्रसन्न हुनुहुन्थ्यो।

त्यो क्षणमा मेरो हृदयको गहिराइमा केवल एक आमाले मात्रै गर्न सक्ने जस्तै संसारलाई फरक बनाउने चाहना मेरो हृदयबाट उजागर भयो।बितेका वर्षहरूमा जब मलाई तपाईंले चिकित्सक बन्ने कुरा किन छान्नुभयो भनेर सोध्दा मेरो जवाफ सधैं उही रह्यो "किनकि मैले आमा बन्ने छनौट गर्न सकिन।"

कुनैपनि समयमा मैले आमा भन्ने शब्द उच्चारण गर्दा मैले जन्म दिइसकेका आमाहरू वा यो जीवनमा केटाकेटीलाई गोद लिएका महिलाहरूका बारेमा मात्रै कुरा गरिरहेको छैन भनेर म स्वर्गमा रहनुहुने पिताका सबै वयस्क छोरीहरूका बारेमा बोलिरहेकोछु। उहाँको अनन्त दैवी गन्तव्यका कारण हेरक महिला एक आमा हुनुहुन्छ।

त्यसैले आज राती नौ छोरीहरू र एक छोराको पिताका रुपमा-अनि चर्चको अध्यक्षका रुपमा तपाईंका बारेमा मैले तपाईं को हुनुहुन्छ, र तपाईंले गर्न सक्ने सबै असल कार्यहरूका बारेमा कति गहिरो रुपमा सोच्छु भनेर तपाईंले बुझ्नुहुनेछ भनेर म प्रार्थना गर्छु।एक धार्मिक महिलाले गरेको जस्तै कसैले पनि गर्न सक्दैन।आमाको प्रभावलाई कसैले पनि नक्कल गर्न सक्दैन।

मानिसहरूले प्रयाश: स्वर्गमा रहनुहुने पिता र मुक्तिदाताको प्रेमलाई अरूहरूलाई बाँढ्न र सञ्चार गर्न सक्छन्।तरपनि महिलाहरूमा यसका लागि विशिष्ट उपहार-एक दैवी आशीष छ।तपाईंहरूसँग कसैलाई के र कहिले आवश्यक छ भनेर महसुस गर्ने क्षमता छ।उहाँहरू कसैलाई अति

नै आवश्यकता परेको अवस्थामा तपाईंहरू पुग्न, सान्त्वना दिन, सिकाउन र मजबुत पार्न सक्नुहुन्छ।

पुरुषले भन्दा महिलाले चीजबिजहरूलाई फरक ढङ्गले हेर्नुहुन्छ अनि हो हामीलाई तपाईंहरूको दृष्टिकोण कति आवश्यक छ।तपाईंको प्रकृतिले अरूहरूका बारेमा पहिला सोच्न, कुनै पनि कार्यको प्रभाव अरूहरूमा कस्तो पर्छ भनेर ध्यान दिन अगुवाइ गर्छ।

अध्यक्ष आइरिङले बताउनुभएको जस्तै यी हाम्री महिमित आमा हव्बा हुनुहुन्थ्यो-स्वर्गमा रहनुहुने हाम्रा पिताको योजनाप्रति उहाँमा भएको दूरदृष्टिका कारण हामीले भन्ने गरेको "पतन" को सूत्रपात गर्नुभयो।उहाँको बुद्धिमत्तापूर्ण शाहसिक निर्णय र आदमको समर्थन गर्ने निर्णयले परमेश्वरको खुशीको योजनालाई अगाडि बढायो।तिनीहरूले हामी हरेकलाई संसारमा आउन, शरीर प्राप्त गर्न र जन्मपूर्वको अवस्थामा जस्तै येशू ख्रीष्टका लागि उभिन छनौट गर्नेछौँ भनेर प्रमाणित गर्न सम्भव बनाए।

मेरा प्यारा दिदीबहिनीहरू तपाईंहरूसँग विशिष्ट आत्मिक उपहार र लगनशीलता छ।आज राती मेरो हृदयको सम्पूर्ण आशा सहित म तपाईंहरूलाई सदैव भइरहेको भन्दा पनि धेरै तिनीहरूको सिर्जना, उपयोग र विस्तार गर्न तपाईंसँग भएको आफ्नो आत्मिक उपहारलाई बुझ्नका लागि प्रार्थना गर्न अनुरोध गर्दछु।तपाईंहरूले त्यसो गरेर संसारलाई परिवर्तन गर्नुहुन्छ।

महिलाका रुपमा तपाईंले अरूहरूलाई प्रेरणा दिनुहुन्छ र अनुकरणको योग्य मापदण्ड निर्धारण गर्नुहुन्छ।हाम्रो बितेको साधारण सम्मेलनमा गरिएका दुईवटा प्रमुख घोषणाहरूका बारेमा संक्षिप्त पृष्ठभूमि बताउन मलाई अनुमति दिनुहोस्।तपाईं मेरा प्यारा दिदीबहिनीहरू, हरेकका लागि प्रमुख हुनुहुन्छ।

पहिलो, सेवासेवाको उच्च मापदण्ड भनेको नै हाम्रा मुक्तिदाता येशू ख्रीष्ट हुनुहुन्छ।सामान्यतया, पुरुषहरू भन्दा महिलाहरू त्यो मापदण्डको नजिक हुनुन्छ र सधैँ हुनुभएको छ।जब तपाईंले वास्तवमा नै सेवा गर्नुभएको हुन्छ तपाईंले मुक्तिदाताको प्रेमलाई अझै बढी अनुभव गर्न अरू कसैलाई सहयोग गर्न आफ्नो अनुभूतिलाई अनुशरण गर्नुहुन्छ।धार्मिक महिलाहरूमा सेवा गर्ने चाहना निहित हुन्छ।हरेक दिन प्रार्थना गर्ने महिलाहरूले "हजुरले आज मलाई कसको कसको सहयोग गर भन्नुहुन्छ" भनेर प्रार्थना गर्नुहुन्छ भनेर मलाई थाहा छ।

अरूहरूलाई हेरचाह गर्ने विशिष्ट र पवित्र तरिकाका बारेमा अप्रिल २०१८ को घोषणा अगाडि केहीमानिसहरूकोप्रवृतिगृहशिक्षककोकार्यभारमा "गरियो" भनेरठीकलगाउनेरअर्कोकार्यमालाग्नेथियो।

तर जब तपाईंले भेट गर्ने दिदीबहिनीलाई सहयोगको आवश्यकता परेको तपाईंले महसुस गर्नुहुन्छ तपाईंले तत्कालै र महिनाभारी उत्तरदायित्व वहन गर्नुभयो।त्यसैले, तपाईंले भेट गर्दा कसरी सिकाउनुहुन्छ त्यसले हामीलाई सेवामा अझै अघि बढ्न प्रेरित गर्छ भनेर सिकाइएको थियो।

दोस्रो, बितेको साधारण सम्मेलनमा हामीले मेल्केसदिक पादरित्वलाई पनि पून:सङ्गठित गरेकाछौँ।चर्चक मानिसहरूलाई उहाँका दायित्वहरूमा अझै बढी प्रभावकारी कसरी बन्ने भनेर सहयोग गर्न हामी हामी सङ्घर्ष गरिरहेको अवस्थामा हामीले राहत समाजको उदहारणलाई महत्व दिनुपर्छ।

राहत समाजमा जीवनका विभिन्न तहका महिलाहरू सँगै भेट्छन्।जीवनको हरेक दशकले अनौठा चुनौतिहरू ल्याउँछ तरपनि हप्तौँ हप्ता सम्म सँगै घुलमिल भएपछि, बढ्ने र सुसमाचारसँगै सिकेपछि त्यहाँ तपाईंले विश्वसमुदायमा वास्तविक भिन्न बनाउनुहुन्छ।

हाल, तपाईंको उदहारण अनुशरण गरेर मेल्केसदिक पादरित्व वहाकहरू एल्डर्स गणका सदस्यहरू हुनुहुन्छ।समान रुपमा पादरित्व र चर्चको व्यापक अनुभवहरू भएका यी पुरुष १८ देखि ९८ (सम्भावाताया त्यो भन्दा पनि बढी) उमेर समूहका छन्।अब यी दाजुभाइहरूले भाइचाराको मजबुत सम्बन्ध सिर्जना गर्न सक्छन्, सँग सिक्न सक्छन् र अरूहरूलाई अझै प्रभावकारी रुपमा आशीषित गर्न सक्छन्।

बितेको जुनमा दिदी नेल्सन र मैले चर्चका युवाहरूलाई हामीले सम्बोधन गरेको कुरा तपाईं सम्झनुहुन्छ।पर्दाको दुबैतर्फका इस्राएलीलाई एकतृत गर्नका लागि सहयोग गर्न परमप्रभूका जवान योद्धाहरूलाई सूचीवद्ध गर्न हामी उहाँहरूलाई आमन्त्रण गर्दछौँ।एकतृत गर्ने यो कार्य अति नै ठूलो चुनौति, महान् कारण र आजको संसारमा सबै भन्दा महान् कार्य हो। १[1]

महिलाहरूले भविष्यलाई आकारमा ल्याउने हुनाले यो विषयमा महिलाहरूको अत्यन्तै आवश्यकता छ।त्यसैले आज राती चर्चका महिला तपाईंहरूलाई मैले छरिएका इस्राएलीहरूलाई एकतृत गर्न सहयोग गरेर भविष्यलाई आकारमा ल्याउन अगमवक्ताको अपील गर्दैछु।

तपाईंले कहाँबाट सुरु गर्न सक्नुहुन्छ?

के म चार आमन्त्रणहरू प्रदान गर्न सक्छु?

पहिलो, तपाईंको मस्तिष्कमा नकारात्मक र अपवित्र विचार ल्याउने सामाजिक सञ्जाल र अन्य सञ्जालबाट १० दिनका लागि बाहिर रहनुहोस्।तपाईंको उपवासको समयमा कुन प्रभावलाई हटाउने भनेर जान्न प्रार्थना गर्नुहोस्।तपाईंको १० दिनको उपवासले तपाईंलाई आश्चर्यचकित पार्न सक्छ।विश्वसमुदायका ती दृष्टिकोणबाट तपाईंले विश्राम लिएपछि तपाईंले त्यस्तो के देख्नुहुन्छ जसले तपाईंको आत्मालाई सोचमग्न बनाउँछ?के त्यहाँ कुनै परिवर्तन भएकोछ जहाँ तपाईं अहिले तपाईंको समय र शक्ति खर्च गर्न चाहनुहुन्छ?के तपाईंहरू मध्ये कसैका प्राथमिकताहरू थोरै रुपमा नै भए पनि स्थानान्तरण गरिएका छन्?म तपाईंलाई हेरक प्रभावलाई  अभिलेख राख्न र अनुशरण गर्न अनुरोध गर्दछु।

दोस्रो, म तपाईंलाई अहिले देखि वर्षको अन्त्यसम्मको बीचमा मोर्मोनको पुस्तक पढिसक्न आमन्त्रण गर्दछु।तपाईंको जीवनमा व्यवस्थापन गर्न तपाईंले गरिरहनुभएका सबै कुराहरू जतिसुकै असम्भव जस्ता देखिए तापनि यदि तपाईंले योआमन्त्रणलाई हृदयको पूर्ण उद्देश्यका साथ स्वीकार गर्नुभयो भने परमप्रभूले तपाईंलाई यसलाई प्राप्त गर्ने तरिका पत्ता लगाउन सहयोग गर्नुहुनेछ।अनि जब तपाईंले प्रार्थनापूर्वक पढ्नुहुन्छ, स्वर्ग तपाईंका लागि खुला हुनेछ भनेर म

तपाईंलाई प्रतिज्ञा गर्छु।परमप्रभूले वृद्धि भएको प्रेरणा र प्रकाश सहित आशीषित गर्नुहुनेछ।

जब तपाईंले पढ्नुहुन्छ, म तपाईंलाई मुक्तिदाताका बारेमा बताउने वा उल्लेख गर्ने वाक्यांशलाई चिन्ह लगाउन प्रोत्साहन गर्दछु। त्यसपछि, ख्रीष्टमा बारेमा कुरा गर्ने, ख्रीष्टमा रमाउने अनि तपाईंको परिवार र साथीहरूसँग ख्रीष्टका बारेमा सिकाउने कुरामा अभिप्रेरित बन्नुहोस्। [२]यो प्रक्रियाबाट तपाईं र तिनीहरू मुक्तिदातातर्फ नजिकिनेछन्।अनि परिवर्तनहरू, अझै चमत्कारहरू हुन सुरु गर्नेछन्।

आज बिहान आइतबारे कार्यक्रम र घर केन्द्रित चर्च समर्थित नयाँ पाठ्यक्रमका बारेमा उद्घोषण गरिएको थियो। तपाईं, मेरा प्यारा दिदीबहिनीहरू यो नयाँ, सन्तुलित र समन्वयात्मक सुसमाचार शिक्षणको प्रयासमा प्रमुख व्यक्ति हुनुहुन्छ।कृपया तपाईंले धर्मशास्त्रबाट सिकिरहनुभएको छ भनेर तपाईंले प्रेम गर्नेहरूलाई सिकाउनुहोस्। तिनीहरूले पाप गर्दा चङ्गाइ र पवित्र पार्ने शक्तिका लागि कसरी मुक्तिदातातर्फ फर्किने भनेर तिनीहरूलाई सिकाउनुहोस्। अनि तिनीहरूको जीवनको हरेक दिन उहाँको मजबुत बनाउने शक्ति तर्फन कसरी नजिकिने भनेर सिकाउनुहोस्।

तेस्रो, नियमित रुपमा मन्दिरमा सहभागी हुने ढाँचा तयार पार्नुहोस। यसका लागि तपाईंको जीवनमा थोरै बढी त्याग आवश्यक हुन सक्छ।मन्दिरमा अझै नियमित समय बिताउनाले परमप्रभूलाई उहाँको पादरित्व शक्ति तर्फ कसरी नजिकिने भनेर सिकाउन अनुमति दिन्छ जसबाट तपाईंले उहाँको मन्दिरमा अभिदान लिनुभएको थियो। मन्दिरको नजिक नबस्नुहुनेहरूलाई म मन्दिरका बारेमा धर्मशास्त्रहरू र जीवित अगमवक्ताहरूका वचनहरू पढ्न आमन्त्रण गर्दछु।तपाईंले मन्दिरका बारेमा पहिला गरेको भन्दा अझै बढी जान्न, अझै बढी बुझ्न, अझै बढी महसुस गर्न खोज्नुहोस्।

बितेको जुनको विश्वव्यापी युवाहरूको आराधनामा मैले एक जवान पुरुषका बारेमा बोलेको थिएँ जसका आमा बुबाले उसको फ्लिप फोनका लागि स्मार्टफोन साट्दा उसको जीवन परिवर्तन भएको बारेमा बोलेको थिएँ।यी जवान मानिसकी आमा आस्थाकी त्रासविहीन महिला हुनुहुन्थ्यो।उहाँलाई धर्मप्रचार सेवा गर्नबाट रोक्न सक्ने छनौटहरू तर्फ उहाँको छोरा लागिरहेको उहाँले देख्नुभयो। उहाँले आफ्नो छोरालाई के गरेर अझै राम्ररी सहयोग गर्न सक्नुहुन्छ भनेर जान्न उहाँले आफ्नो अनुरोधलाई मन्दिरमा लैजानुभयो।त्यसपछि उहाँले हरेक प्रभावका बारेमा बताउनुभयो।

उहाँले भन्नुभयो: "मेरो छोराको फोन विशेष समयमा विशेष कुरा पक्रन आत्माले मलाई निर्देशित गरेको कुरा मैले महसुस गरेँ।यी स्मार्टफोनहरूलाई कसरी चलाउने भनेर मलाई थाहा छैन तरपनि मैले उपयोग नै नगर्ने सबै सामाजिक सञ्जालमा परमप्रभूले मलाई निर्देशित गर्नुभयो। उहाँहरूका सन्ततिहरूको सुरक्षा गर्न निर्देशनको खोजी गरिरहनुभएका अभिभावकहरूलाई आत्माले सहयोग गर्छ भनेर मलाई थाहा छ। [पहिला] मेरो छोरा मसँग अति नै क्रुद्ध हुनुहुन्थ्यो। ...तर केवल तीन दिन पछाडि मात्रै मलाई धन्यवाद दिनुभयो !उहाँले फरक अनुभव गर्न सक्नुहुन्थ्यो। "

आश्चर्यजनक रुपमा उहाँको छोराका व्यवहारर प्रवृतिहरूमा परिवर्तन आए:उहाँ घरमा अझै बढी सहयोगी, अझै बढी मुस्कुराउने र चर्चमा अझै बढी शिष्ट बन्नुभयो।केही समयका लागि मन्दिरमा सेवा गर्ने र उहाँको धर्मप्रचार सेवाका लागि तयारी गर्ने कुरामा उहाँले रमाइलो मान्नुभयो।

उमेर पुगेकाहरूलाई राहत समाजमा पूर्ण रुपमा सहभागी बन्नु तपाईंका लागि मेरो चौथो आमन्त्रण हो। राहत समाजको हालसालैको उद्देश्य कथन अध्ययन गर्नका लागि मा तपाईंलाई आग्रह गर्छु।यो प्रेरणादायी छ।तपाईंको आफ्नै जीवनका लागि तपाईं स्वयंको उद्देश्य कथनको सिर्जना गर्न यसले तपाईंलाई निर्देशित गर्ने छ।म तपाईंलाई करीब २० वर्ष अघि प्रकाशित भएको राहत समाजको घोषणाको सत्यतामा आनन्द लिन पनि अनुरोध गर्छु।[३]प्रथम अध्यक्षताको कार्यालयमा यो घोषणाको आवरण सहितको एक प्रति झुन्ड्याइएको छ।हेरक पटक यो पढ्दा म रोमान्चित हुन्छु।यसले तपाईं को हो र पवित्र इस्राएल एकतृत गर्न तपाईंले आफ्नो कार्यभार पूरा गर्दाको यो महत्वपूर्ण समयमा तपाईं कसका लागि परमप्रभूलाई आवश्यक हुनुहुन्छ भनेर वर्णन गर्छ।

मेरा प्रिय दिदीबहिनीहरू हामीलाई तपाईंहरूको आवश्यकता छ।हामीलाई "तपाईंको शक्ति, तपाईंको परिवर्तन, तपाईंको दृढता, अगुवाइ गर्ने तपाईंको खुबी, तपाईंको ज्ञान र तपाईंको आवाज आवश्यक छ। [४]तपाईंहरू बिना हामीले त्यतिकै इस्राएललाई एकतृत गर्न सक्दैनौँ।

संसारलाई पछाडि छोडेर यो महत्वपूर्ण र जरुरी कार्यमा समर्थन गर्ने तपाईंको दक्षताका लागि म तपाईंलाई प्रेम गर्छु र धन्यवाद दिन्छु अनि अहिले आशीष दिन्छुउहाँको प्रिय पुत्रको दोस्रो आगमनका लागि संसारलाई तयार पार्न स्वर्गमा रहनुहुने हाम्रा पिताले हामीले गर्नु जरुरी छ भनेर बताएका सबै कुराहरू हामी सँगै गर्न सक्छौँ।

येशू नै ख्रीष्ट हुनुहुन्छ।यो उहाँको चर्च हो।यसका बारेमा म येशू ख्रीष्टको नाममा प्रमाणित गर्छु, आमीन।


**सूचीहरू**

१रसल एम नेल्सन "Hope of Israel" (worldwide youth devotional, June 3, 2018), HopeofIsrael.lds.org.
२हेर्नुहोस्२नफ़ि२५:२६
3.राहत समाज घोषणाका लागि, हेनुहोस् मेरी एलेन स्मूट "Rejoice, Daughters of Zion Liahona Jan. 2000, 111–14.
४रसल एम नेल्सन “A Plea to My Sisters” Liahona Nov. 2015, 96; emphasis added.

# चर्चको सही नाम

**अध्यक्ष रसल एम नेल्सनद्वारा**

*येशू ख्रीष्टले हामीलाई उहाँको नाममा चर्चलाई सम्बोधन गर्न निर्देशित गर्नुभयो किनकि यो उहाँको शक्तिले भरिएको उहाँको चर्च हो।*



मेरा प्यारा दाजुभाइ तथा दिदीबहिनीहरू, यो सुन्दर विश्रामको दिनमा परमप्रभूबाट प्राप्त भएका असङ्ख्य आशीषहरूमा हामी सँगै खुशी हुन्छौँ।येशू ख्रीष्टको पुनर्स्थापित सुसमाचारका लागि तपाईंहरूको गवाही, उहाँको करारको मार्गमा रहन वा फर्कन तपाईंले गर्नुभएको त्यागहरू र उहाँको चर्चमा तपाईंले गर्नुभएको पवित्र सेवाका लागि हामी धेरै कृतज्ञ छौँ।

आज अति नै महत्वपूर्ण विषयका बारेमा छलफल गर्न उत्सुक भएको मैले महसुस गरेको छु।

केही हप्ता अगाडि मैले चर्चको नामको सुधारका लागि एक कथन प्रकाशित गरेँ। [1]मैले यसो गरेँ किनकि परमप्रभूले उहाँको चर्च पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चका लागि समेत उहाँले निर्देशित गर्नुभएको नामको महत्वका बारेमा मेरो मस्तिष्कमा प्रभाव पार्नुभयो।[2]

तपाईंले यो कथनको जवाफ र संशोधित शैली निर्देशिकामा प्रतिक्रियाको अपेक्षा गर्नुहुँदा यी दुबै समायोजित भएका छन्।धेरै जसो सदस्यहरूले तत्कालै उहाँहरूको ब्लग र सामाजिक सञ्जाल चुर्चको नामलाई सुधार गर्नुभयो। अन्यले अचम्म माने किन, विश्व समुदायमा भइरहेका सबै चीजसँगै "अप्रसाङ्गिक" कुनै कुरामा जोड दिनु आवश्यक थियो र। अनि केहीले भने यो गर्न नै सकिँदैन, त्यसोभए प्रयास नै किन गर्ने?यो विषयका बारेमा हामी किन गहिरो रुपमा सोच्छौं भनेर मलाई वर्णन गर्न दिनुहोस्।तर पहिला मलाई यो प्रयास के होइन भनेर बताउन दिनुहोस्।

- यो नाम परिवर्तन होइन।
- यो रीब्रान्डि पनि होइन।
- यो सौन्दर्य साधन होइन।
- यो तरङ्ग होइन।
- अनि यो अप्रासाङ्गिक होइन।

सट्टामा सुधार हो।यो परमेश्वरको आज्ञा हो।जोसेफ स्मिथले उहाँबाट पुनर्स्थापित भएको चर्चको नाम दिनुभएन; न त मोर्मोनले नै त्यसो गर्नुभयो। मुक्तिदाता स्वयंले भन्नुभयो, "त्यसैले अन्तिम दिनमा मेरो चर्चलाई पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्च भनिनुपर्छ" ४

ए डि ३४ भन्दा पहिला अमेरिकन महादेशमा तिनीहरूलाई भेट्दा पनि हाम्रा पूनरुत्थपित परमप्रभूले आफ्ना चर्चका सदस्यहरूलाई त्यस्तै प्रकारको निर्देशन दिनुभएको थियो। त्यो समयमा उहाँले भन्नुभयो:

"तिमीले चर्चलाई मेरो नाममा सम्बोधन गर्नु पर्छ। ...

"अनि मेरो नाममा सम्बोधन नगरी कसरी यो मेरो चर्च हुन सक्छ? यदि मोसाको नाममा चर्चलाई सम्बोधन गरिएमा यो मोसाको चर्च हुन्छ वा यदि यसलाई मानिसको नाममा सम्बोधन गरिएमा यो मानिसको चर्च हुन्छ; र यदि यो मेरो नाममा सम्बोधन गरिएमा यो मेरो चर्च हुन्छ।"५

त्यसैले, चर्चको नाम सम्झौता योग्य छैन।जब मुक्तिदाताले उहाँको चर्चको नाम के हुनुपर्छ भनेर स्पष्ट रुपमा भन्नुभयो र "त्यसैले मेरो चर्चलाई सम्बोधन गरिनुपर्छ" भनेर घोषणा गर्नुहुँदा उहाँ गम्भीर हुनुहुन्छ।अनि यदि हामीले उपनामहरू उपयोग वा स्वीकार वा ती उपनामहरू हामीलेस्वयंले उच्चारण गरेमा उहाँ अपमानित हुनुहुन्छ।

एक नाम, यो अवस्थामा उपनाममा के छ? जब चर्चको उपनामको विषय आउँछ "एल डि यस चर्च" "मोर्मोन चर्च" वा "पछिल्ला दिनका सन्तहरूको चर्च" भन्दा यो नामहरूमा मुक्तिदाताको नाम नै छैन।परमप्रभूको चर्चबाट परमप्रभूको नाम हटाउनु सैतानका लागि महान विजय हो।जब हामीले मुक्तिदाताको नामलाई हटाउछौँ हामीले उहाँको प्रायश्चित सहित येशू ख्रीष्टले हाम्रा लागि गर्नुभएका सबै चीजहरूलाई हटाउछौँ।

उहाँको दृष्टिकोणबाट: उहाँ जन्मपूर्व अवस्था देखि नै पुरानो करारको जेहोवा, परमेश्वर हुनुहुन्थ्यो भनेर ध्यान दिनुहोस्।उहाँको पिताको निर्देशनमा उहाँ यो र अर्का संसारहरूको सृष्टकर्ता हुनुहुन्थ्यो।६उहाँले पिताको चाहनामा समर्पित हुने छनौट गर्नुभयो र परमेश्वरका सन्ततिहरूलाई अरु कसैले गर्न नसक्ने कुरा गर्नुभयो।पिताका जन्मिएका एक मात्रका रुपमा मांशमा कृपाशील बनेर पृथ्वीमा आउँदा उहाँलाई क्रूर रुपमा गाली, उपहास गर्ने, थुक्ने र कष्ट दिने गरिएको थियो।गेत्सामनीको बगैंचामा हाम्रा मुक्तिदाताले आफुस्वयंमा यो संसारमा जिइसकेका र भविष्यमा जि हरेक दु:ख, पाप र सबै वेदना र पीडा लिनुभयो।त्यो पीडादायक बोझको वजन भित्र उहाँका रौंका हरेक प्वालबाट रगत आएको थियो।उहाँलाई क्याल्भरीको क्रुसमा निर्दयी रुपमा टाँगिँदा यी सबै दु:खहरू तीब्र बनेका थिए।

यी कष्टदायी अनुभवहरू र उहाँको भावी पुनरुत्थान-अनन्त प्रायश्चितका माध्यमबाट-उहाँले हामी सबैलाईअमरत्व र हामी हरेकलाई हाम्रो प्रायश्चितको शर्तमा पापको प्रभावबाट छुटकारा प्रदान गर्नुभयो।

मुक्तिदाताको पूनरुत्थान र उहाँका प्रेरितहरूको मृत्यु पछि संसार सताब्दियौंको अन्धकारमा धकेलियो।परमप्रभूको चर्चको पूनर्स्थापनाका लागि १८२० मा पिता परमेश्वर र उहाँका पुत्र येशू ख्रीष्ट अगमवक्ता सामु प्रकट हुनुभयो।

हामीले सबै कुरा सहेपछि-र उहाँले मानव जातीका लागि सबै चीज गरिसकेपछि- परमप्रभूको पूर्नस्थापित चर्चलाई अन्य फरक नामद्वारा पुकारेर अन्जानमा येशू ख्रीष्टको पवित्र नामलाई मेटाउने हाम्रो सहभागिताका लागि मा गहिरो दु:ख प्रकट गर्दछु।

जब हामीले योग्य बनेर प्रभूभोज लिन्छौँ हामीले स्वर्गमा रहनुहुने पितासँग हामी आफुमा उहाँका पुत्र येशू ख्रीष्टको नाम लिन इच्छुक छौँ भनेर एक नयाँ पवित्र करार गर्छौं।८हामीले उहाँलाई अनुशरण गर्ने, पश्चाताप गर्ने, उहाँका आज्ञा पालना गर्ने र सधैं उहाँलाई सम्झने प्रतिज्ञा गर्छौं

जब हामी उहाँको चर्चबाट हुनको नामलाई हटाउँछौँ, हामीले अन्जानमा हाम्रो जीवनको केन्द्रबिन्दुका रुपमा उहाँलाई हटाएका हुन्छौँ।

मुक्तिदाताको नाम हामी स्वयंमा लिने कुराले येशू नै ख्रीष्ट हुनुहुन्छ भनेर हाम्रा कार्य र शब्दहरूद्वारा अरूहरूलाई घोषणा गर्ने र साक्षी बन्ने कुरालाई समावेश गर्छ।हामी मुक्तिदाता स्वयंलाई रक्षा गर्न, उहाँका लागि उभिन, त्यो नाम जसद्वारा उहाँको चर्च पुकारिन्छ का लागि हामीलाई "मोर्मोन" भन्नेहरू जो कोही बेखुशी हुन्छ भनेर डराएकाछौँ।

यदि मानिस र व्यक्तिगत रुपमा हामीसँग आफुलाई पवित्र पर्ने, मजबुत र बढाउने अनि अन्तत: उन्नयन गर्ने येशू ख्रीष्टको प्रायश्चितको शक्ति छ भने हामीले त्यो शक्तिको स्रोतका रुपमा उहाँलाई स्वीकार गर्नु पर्छ।उहाँले चाहना गरेको नामद्वारा हामी उहाँको चर्चलाई सम्बोधन गर्न सक्छौँ।

अधिकांशका लागि परमप्रभूको चर्च "मोर्मोन चर्च" का रुपमा परिचित भएको छ।तर परमप्रभूको चर्चको सदस्यहरूका रुपमा येशू ख्रीष्ट स्वयं चर्चको प्रमूख हुनुहुन्छ भनेर हामीलाई थाहा छ।दुर्भाग्यवस, मोर्मोन भन्ने वाक्यांश सुन्ने धेरैले हामी मोर्मोनलाई आराधना गर्छौं भनेर सोच्न सक्नुहुन्छ।त्यस्तो होइन! हामीले प्राचीन अमेरिकाक ती महान अगमवक्तालाई सम्मान गर्छौं। तर हामी मोर्मोनका अनुयायीहरू होइनौं।हामी परमप्रभूका अनुयायीहरू हौँ।

पूर्नस्थापित चर्चको सुरुका दिनहरूमा मोर्मोन चर्च र मोर्मोन १० जस्ता निर्दयी, अपमानजनक वाक्यांशहरू यी पछिल्ला दिनहरूमा येशू ख्रीष्टको चर्चलाई पूनर्स्थापना गर्ने कार्यमा परमेश्वरका प्राय: प्रयोग गरिन्थ्यो। ११

दाजुभाइ तथा दिदीबहिनीहरू, चर्चको सही नामलाई उल्लेख गर्ने कुरामा त्यहाँ विभिन्न संसारिक तर्कहरू छन्।हामी बसिरहेको डिजिटल संसार र खोजी गर्ने साधनहरूको अनुकुलताले हामीलाई परमप्रभूको चर्चका बारेको जानकारी सहित हामीलाई आवश्यक परेका सबै जानकारीहरू क्षणभरमा नै प्राप्त गर्न सम्भव भएका कारण आलोचकहरुले यो अवस्थामा सुधार अज्ञानता हो। हामी "मोर्मोन" र "मोर्मोन चर्च" का रुपमा व्यापक रुपमा परिचित भएका कारण हामीले यसैलाई उत्तम बनाउनु पर्छ भनेर अन्यले सोच्छन्।

यदि यो मानव निर्मित संस्थालाई ब्रान्डिंग गर्नका लागि गरिएको निर्णय भएको भए ती तर्कहरू प्रवल रुपमा रहन सक्थे।तरपनि यो संवेदनशील विषयमा हामी उहाँलाई हेर्छौं जसको चर्च यो हो र परमप्रभूका तरिकाहरू मानिसका तरिका जस्ता न त कहिल्यै भएका छन् र न कहिल्यै हुनेछन् भनेर आत्मसात गर्छौं।यदि धैर्य बनेर हामीले हाम्रो दायित्वलाई राम्ररी पूरा गरयौं भने यो महत्वपूर्ण कार्यमा परमप्रभूले हामीलाई अगुवाइ गर्नुहुनेछ।यी सबै गरिसकेपछि, हामीलाई थाहा छ कि नदि तर्नका लागि नफ़िलाई डुङ्गा बनाउन सहयोग गरे जसरी नै परमप्रभूले उहाँको चाहनाको खोजी गर्नेहरूलाई सहयोग गर्नुहुन्छ। १२

यी गल्तीहरू सुधार्ने हाम्रो प्रयासमा हामी विनम्र र धैर्य बन्नेछौँ।उत्तरदायी सञ्चारले हाम्रो अनुरोधमा प्रतिक्रिया दिन साहनुभूति प्रदान गर्ने छ।

गत साधारण सम्मेलनमा एल्डर बेन्जामिन डी होयसले यस्तो घटनाका बारेमा बोल्नुभयो।उहाँले भन्नुभयो:

"केही वर्ष अघि मेक्सिकोमा चर्चको सार्वजनिक सेवाको कार्यालयमा सेवा गर्दा [एक संस्थान र मलाई] रेडियो अन्तरवार्ताको कार्यक्रममा बोलाइएको थियो। ... [कार्यक्रम निर्देशकहरू मध्येका एकले] [हामी]सोधे, "किन चुर्चको यति धेरै लामो नाम छ ? ... '

"मेरा साथी र म यस्तो रोचक प्रश्न प्रति मुस्कुरायौं र चुर्चको नाम मानिसद्वारा छनौट गरिएको होइन भनेर वर्णन गर्न तिर लाग्यौँ।यो मुक्तिदताद्वारा दिइएको थियो। ...कार्यक्रम निर्देशकले तत्कालै र आदरपूर्वक प्रतिक्रिया दिए, "त्यसैले हामी यसलाई महान् सम्मानका साथ दोहोरयाउँछौँ" १३

त्यो विवरणले एक नमुना प्रदान गर्छ।कयौँ वर्षसम्म रहेको गल्तीलाई एक एक गरेर सुधार गर्न व्यक्तिगत रुपमा हाम्रो प्रयास आवश्यक हुनेछ। १४बाँकी विश्व समुदायले सही नामबाट हामीलाई बोलाउने हाम्रो अगुवाइको अनुशरण गर्न वा नगर्न पनि सक्छ। तरपनि हामीले पनि उस्तै गर्दा यदि विश्व समुदायले यो चर्च र यसका सदस्यहरूलाई गलत रुपमा चिनेको खण्डमा हाम्रा लागि यो निराशाको कारण हुन्छ।

हाम्रो संशोधित निर्देशिका शैली उपयोगी हुन्छ।यसले बताउँछ कि "पहिलो सन्दर्भमा चर्चको पूरा नाम "पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्च" लिनका लागि रुचाइन्छ।संक्षिप्त (दोस्रो) सन्दर्भको आवश्यकता परेमा "चर्च" वा "येशू ख्रीष्टको चर्च" लाई उपयोग गर्न प्रोत्सान गरिन्छ।येशू ख्रीष्टको पूनर्स्थापित चुर्चको संक्षिप्त नामलाई पनि प्रोत्साहन गरिन्छ। १५

यदि कसैले "के तपाईं मोर्मोन हो?" भनेर सोधेमा तपाईंलेउत्तर दिन सक्नुहुन्छ, “यदि तपाईंले म पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चको सदस्य हूँ कि होइन भनेर सोध्नुभएको हो भने, "हो, म हूँ।

यदि कसैले "के तपाईं पछिल्ला दिनको सन्त हो?" १६ भनेर सोधेमा तपाईंले प्रतिक्रिया दिन सक्नुहुन्छ, "हो, म हूँ।म येशू ख्रीष्टमा विश्वास गर्छु र म पूनर्स्थापित चर्चको सदस्य हूँ।"

मेरा प्यारा दाजुभाइ र दिदीबहिनीहरू, यदि हामीले परमप्रभूको चर्चको नामलाई सही तरिकाले लिने प्रयत्न गरेमा उहाँ जसको चर्च यो हो ले उहाँको शक्ति र आशीषहरू हामीले कहिल्यै नदेखेको जसरी पछिल्ला दिनका सन्तहरूमा १७ खन्याउनुहुनेछ।आफु स्वयंलाई येशू ख्रीष्टको पूनर्स्थापित सुसमाचारको आशीषहरू हरेक राज्य, कुटुम्ब, भाषा र मानिससम्म लैजानका लागि हामीलाई सहयोग गर्न अनि परमप्रभूको दोस्रो आगमनका लागि संसारलाई तयार पार्न हामीसँग परमेश्वरको ज्ञान र शक्ति हुनेछ।

त्यसोभए नाममा के छ त? जब यो परमप्रभूको चर्चको नामका बारेमा आउँछ जवाफ "सबै चीज" हुन्छ !चर्चलाई उहाँको नामबाट सम्बोधन गर्न येशू ख्रीष्टले हामीलाई निर्देशन गर्नुभयो किनकि यो उहाँको शक्तिले भरिएको उहाँको चर्च हो।

मलाई थाहा छ परमेश्वर जीवित हुनुहुन्छ।येशू नै ख्रीष्ट हुनुहुन्छ।उहाँले आफ्नो चर्चलाई आज पनि अगुवाइ गर्नुहुन्छ।म येशू ख्रीष्टको पवित्र नाममा प्रमाणित गर्दछु, आमीन।

**सूचीहरू**

१पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चका रुपमा परमप्रभूले उहाँको चर्चका लागि प्रकट गर्नुभएको नामको महत्वका बारेमा परमप्रभूले मेरो मस्तिष्कमा प्रभाव पर्नुभएको छ।हाम्रा अगाडि हामीसँग आफुलाई उहाँको चाहना अनुरुप बनाउने कार्य छ।भर्खरैका हप्ताहरूमा चर्चका धेरै अगुवाहरू र विभागहरूले यसो गर्नका लागि आवश्यक चरणहरू शुरु गर्नुभएको छ।आगामी महिनाहरूमा यस बारेका थप जानकारीहरू प्रदान गरिनेछ" (रसल एम नेल्सन "चर्चको नाम" मा [official statement, Aug. 16, 2018], mormonnewsroom.org).

२चर्चको अध्यक्षता गर्ने अध्यक्षहरूले समान अनुरोध गर्नुभयो।उदाहरणका लागि, अध्यक्ष जर्ज अल्बर्ट स्मिथले भन्नुभयो: "यसलाई मोर्मोनको चर्च भनेर परमप्रभूलाई तल नपार्नुहोस्।उहाँले यसलाई मोर्मोन चर्च भन्नुभएन"  (in Conference Report, Apr. 1948, 160).

३हेर्नुहोस् Style Guide—चर्चको नाम mormonnewsroom.org.

४सिद्धान र करार११५:४

५३ नफ़ि २७:७-८

६हेर्नुहोस्मोसा१:३३

७हेर्नुहोस् सिद्धान र करार १९:१८

८हेर्नुहोस् मोरोनी ४:३, सिद्धान र करार २०:३७,७७

९मोर्मोन नफ़ि, याकुब र मोरोनी सहितका मोर्मोनको पुस्तक लेख्ने चार प्रमुख लेखक मध्येका एक थिए।प्रेरणा प्राप्त अनुवादकका रुपमा अगमवक्ता जोसेफ स्मिथ प्रत्यक्ष साक्षी भए जस्तै सबै परमप्रभूका प्रत्यक्ष साक्षी थिए।

१०मोर्मोनिट्स पनि उपयोग गरिने उपहासको तरिका थियो हेर्नुहोस् History of the Church, 2:62–63, 126).

११नयाँ करारमा अन्य विशेषणहरू पनि उल्लेख गरिएको देखिन्छ।फेलिक्स अगाडिको प्रेरित पावलको परीक्षामा पावललाई " नाजर्नेस संप्रदायको एक रिंगलीडरका रुपमा उल्लेख गरेको छ।एक टिप्पणीकारले "नाजर्नेस" भन्ने वाक्यांशका बारेमा उल्लेख गरे: "अवहेलना गरिएका कारण इसाईहरूलाई यो नाम दिइएको थियो। उनीहरूलाई त्यसो भनिन्थ्यो किनकि येशू नासरथको हुनुहुन्थ्यो" (अल्बर्ट बर्नेस Notes, Explanatory and Practical, on the Acts of the Apostles [1937], 313).

त्यसै गरेर अर्को उद्घोसले बताउँछ कि: "As our Lord was contemptuously called 'The Nazarene'Matt. xxvi. 71, so the Jews designated his disciples 'Nazarenes.'मसीहाका अनुयायी भएर पनि उहाँहरू इसाई हो भनेर उहाँहरूले स्वीकार गर्नुहुन्थ्यो।" The Pulpit Commentary: The Acts of the Apostles, H. D. M. Spence and Joseph S. Exell [1884], 2:231).

सम्बन्धित पक्षमा एल्डर निल ए म्याक्सले निरीक्षण गर्नुभयो: "धर्मशास्त्रीय इतिहासभार, हामीले अगमवक्ताहरूलाई बर्खास्थ गर्न नीच देखाउने र तल्लो स्थारको देखाउने कार्य भइ नै रह्यो। विशेष: तथापि तिनीहरूआफ्नो समकालीन र निरपेक्ष इतिहासका कारण त्यतिकै उपेक्षा गरिएका थिए।  यति भइसके पछि पनि, प्रारम्भका इसाईहरूलाई केवल "नाज़रेनियोका सम्प्रदाय" भनिन्थ्यो।' (प्रेरित २४:५  Out of Obscurity Ensign, Nov. 1984, 10).

१२हेर्नुहोस् १ नफ़ि १८:१-२

१३बेन्यामिं डी होयस "Called to Be Saints" Liahona मे २०११, १०६

१४अन्य मानिसहरूले हामीलाई के भन्छन् भनेर हामी नियन्त्रण गर्न सक्दैनौं तरपनि हामीले आफुलाई कसरी प्रस्तुत गर्छौं भनेर हामीमा पूर्ण नियन्त्र छ।चर्चका सदस्यका रुपमा यदि हामी नै सही तरिकाले चर्चको नाम लिन असमर्थ भयौं भने अरूहरूले सोही कुरा गरून् भनेर हामी कसरी अपेक्षा गर्न सक्छौं?

१५"Style Guide—चर्चको नाम" mormonnewsroom.org.

१६पवित्र बाइवलमा सन्त भन्ने शब्द प्रयाश: प्रयोग भएको छ।एफिसीहरूका लागि पठाइएको पावलको पत्रमा उदहारणका लागि उहाँले सन्त भन्ने शब्द कम्तिमा पनि हरेक पाठमा एक पटक उल्लेख गर्नु भएको छ।सन्त त्यो हो जसले येशू ख्रीष्टमा विश्वास गर्छ र उहाँलाई अनुशरण गर्ने सक्दो प्रयास गर्छ।

१७हेर्नुहोस् सिद्धान्त र करार १२१:३३

© 2018 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित, यू एस ए मा मुदितअङ्ग्रेजी अनुमोदन 6/17अनुवाद अनुमोदन 6/17*First Presidency Message, November 2018*को अनुवाद, Nepali 15054-372